# पुर्चौडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं.२०७९/८०
च.नं.

हाट, बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल

## रोजगार सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति:-२०७९/०५/१९)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको प.स.२०७८/०७९, च.न. PMEP/३६३ मिति २०७९/०३/२२ को प्राप्त पत्रानुसार यस पुर्चौडी नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद खुला प्रतिस्पर्धाबाट करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कार्यालयमा निवेदन दिन हुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | श्रेणी/तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०३/०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ (एक) | |

**१.आवश्यक न्युनतम योग्यता र अनुभव:-**

क) नेपाल सरकार बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण तह वा सो सरह उतिर्ण गरेको।

ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

ग) आधारभुत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

**२.दरखास्त दिने अन्तिम मिति**: २०७९/०६/०२ सम्म कार्यालय समय भित्र, अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन।

**३)दरखास्त दिने स्थान**: पुर्चौडी नगर कार्यपालिकाको कार्यालय,हाट,बैतडी।

**४)आवेदन दस्तुर:-** रु ५००/- (पाँच सय मात्र)

**५) छनौटको किसिम:-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा तथा प्रयोगात्मक परिक्षा।

**६)आवेदन साथ संलग्न कागजातहरु:-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु,

क) नागरिकता
ख) चारित्रिक प्रमाण पत्र
ग) तालिमको प्रमाण पत्र
घ) न्युनतम योग्यताको लब्धाङ्क पत्र
ङ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
च) २ प्रति पासपोर्ट साइजको फोटो

**७) सेवा सुविधा तथा अन्य:-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड,२०७८ को दफा१३ र १४ बमोजिम हुनेछ।

८) आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपुर्ति सम्बन्धि अन्य जानकारी कार्यालयबाट वा वेवसाईट https://purchaudimun.gov.np/ र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट https://pmep.gov.np/ बाट प्राप्त गर्न सकिनेछ।

..........................
बीर बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत